नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :- ०८०/८१
च.नं.

# प्रेस विज्ञप्ती

माननीय मन्त्री सुदन किराती र नेपालका लागि भारतीय महामहिम राजदुत नवीन श्रीवास्तववीच आज मिति २०७९/१०/०६ मा मन्त्रालयमा भेटबार्ता भयो । सो अवसरमा माननीय मन्त्रीज्यूले नेपालको विकास र भूकम्प पछिको पुर्ननिर्माणमा भारतले पुर्याएको योगदानको प्रशंसा गर्नु भयो साथै हवाई सेवा संञ्चालनमा दुवै मित्रराष्ट्रवीचको सहकार्यलाई अझ मजवूत बनाउनु पर्नेमा जोड दिनु भयो । वहाँले गौतम वुद्‌ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवाबाट हुने अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालनमा भारत सरकारबाट सहजीकरण हुने विश्वास व्यक्त गर्दै नेपाललाई थप अन्तर्राष्ट्रिय हवाई रुट प्रदान गर्ने आवश्यक पहल गरिदिन आग्रह गर्नु भयो ।

महामहिम राजदूतले भारत सरकार र भारतीय जनता सदैव नेपालको हित चाहने र नेपालको विकासमा सहयोग गर्न तयार रहेको बताउनु भयो । हवाई सेवा संचालन र हवाई रुटका विषयमा दुवै देशका प्राविधिक टोलीले छलफल गरी समस्या समाधान गर्न सक्ने विश्वास वहाँले व्यक्त गर्नु भयो साथै भारतका सम्माननीय प्रधानमन्त्री नरेन्द्र मोदीज्यूसँग नेपाल भ्रमणका क्रममा रामायण सर्किट निर्माणको विषयमा भएको प्रस्ताव वमोजिम प्रकिया अघि वढाउन आग्रह समेत गर्नु भयो ।

मिति: २०७९।१०।०६

(राजेन्द्र कुमार के.सी.)
प्रवक्ता/सहसचिव